परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १३ ❑ अंक १३ २०८१ कार्तिक २५ आइतवार Sunday 10, NOV 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगर

सूचना

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## छठपर्व धुमधामका साथ सम्पन्न

विराटनगर । छठ पर्वका व्रतालुहरुले शुक्रवार विहान उदाउँदो सूर्य भगवानलाई अर्घ दिई  छठ पर्व भव्यताका साथ सम्पन्न गरेका छन् ।

चार दिनसम्म विभिन्न विधि गर्दै मनाइने छठ पर्वको चौथो दिन शुक्रवार बिहान तराई मधेशमा मात्र नभई नेपालका प्रमुख शहरहरुमा व्रतालुहरु जलाशयमा पुगेर उदाउँदो सूर्यलाई अर्घ्य अर्पन गर्दै धुमधामका साथ समापन गरेका छन् ।

केही वर्ष पहिले तराई मधेशमा बसोवास गर्ने मधेशी समुदायका मानिसहरुले गर्ने छठ पर्व अहिले देश व्यापी भएको छ । कोशी प्रदेशको राजधानी विराटनगरको सिंघिया खोला, केशलीया खोला, सुनसरी मोरंगका नहरहरु, लोहन्द्रा खोला, रतुवा खोला, खैरवना पोखरी, लगायतको जलाशय सहित घरमा खाल्डोमा पानी भरेर धार्मिक विधिपूर्वक छठ पर्व मनाएका छन् ।



सत्य अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभुति राख्न अभिप्रेरित गर्नु यस पर्वको विशेषता रहेको छ । सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको यस पर्वमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गरिन्छ । पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकाङ्क्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने छठ पर्वका अवसरमा पोखरी, नदी, तलाउ र जलासय मा श्रद्धालु भक्तजनको भीड लाग्ने गर्दछ ।

चार दिनसम्म मनाइने यस पर्वको पहिलोदिन मंगलवार व्रतालुले नहा खा अर्थात् नुहाएर खाने अर्थात् जीउ चोख्याउने काम गरेका थिए । त्यस्तै पर्वको दोस्रो दिन बुधवार खर्ना मनाएका थिए । खर्नाका दिन व्रतीहरुले दिनभरि उपवास निराहार बसेर राति छठ देवतालाई आगमनको निम्तो दिँदै कुलदेवताको पूजा गर्दछन् र राति अरवा अरबाइन (बिना नुन हालेको) खानेकुरा खाने गर्दछन् ।

त्यस्तै तेस्रो दिन विहीवार साँझ गहुँ र चामल ओखल जाँतो वा ढिकीमा कुटान पिसान गरी सोबाट निस्केको पिठोबाट बनाइएका विभिन्न गुलियो खाद्य सामग्री ठकुवा, भुसवा, खजुरीया, पेरुकिया जस्ता पकवान र विभिन्न

वांकी अन्तिम पेजमा...

## पार्टीको सङ्गठित सदस्यबाट निलम्बित

विराटनगर । विदाको अवसर पारेर जापान भ्रमणमा गएका आन्तरीक मामिला तथा कानुन मन्त्री लिलाबल्भ अधिकारीको विषयमा विवाद भएपछि मन्त्रीबाट राजीनामा दिएका निवर्तमान मन्त्री अधिकारीलाई एमालेले सङ्गठित सदस्यबाट समेत निलम्बन गरेको छ ।

शनिवार नेकपा एमाले कोशी प्रदेशको बैठकले अधिकारीलाई आरोपको अन्तिम निरूपण नभए सम्मको लागि पार्टीको कुनै पनि तहमा रहन नपाउने गरी निलम्बन गरेको हो ।

एमाले कोशी प्रदेशका अध्यक्ष घनश्याम खतिवडाले अधिकारीलाई राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् सदस्य तथा नेकपा (एमाले) को सङ्गठित सदस्यताबाट समेत निलम्बन गरिएको



लिलाबल्लभ अधिकारी

जानकारी दिए । अधिकारी नेकपा (एमाले) को तर्फबाट मोरङ जिल्लाको प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं २ को प्रदेश सभा निर्वाचन क्षेत्र (२) बाट निर्वाचित प्रदेशसभाका सदस्य रहेको छ ।

निवर्तमान मन्त्री अधिकारी प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्रीको हैसियतमा केही दिन अगाडी वैदेशिक भ्रमणका लागि जापान गएको थियो । आवश्यक मापदण्ड तथा

वांकी अन्तिम पेजमा...

## हैरोपैथिक पद्धतीले लाभग्राही खुशी

विराटनगर । मोरंगको रंगेली नगरपालिका वडा नं. ४ मा रहेको जगदम्बा मुर्मु योग जडिबुटी उत्पादन तथा उपचार केन्द्रबाट हैरोपैथिक उपचार पद्धतीबाट विरामी निको भएपछि लाभग्राही विरामीहरु खुशी भएका छन् ।

हैरोपैथिक उपचार पद्धतीवाट वैद्य प्रमेश्वर मुर्मुले सबै प्रकारका रोगहरुको उपचार वर्षौंदेखि गर्दै आएका छन् । मुर्मुको सस्तो र सुलभ उपचार पद्धतीले सव साधारण लाभग्राहीहरु खुशी भएका हुन ।

परापूर्वकालदेखि सन्थाल समुदायमा विरामी पर्दा, शरिरको कुनै अंग भाँचिदा लगायतको उपचार हरोपैथीक पद्धती मार्फत घरमै रोगहरुको उपचार गर्दै आईरहेको इतिहास छ ।

सोही पद्धतीलाई जीवीत राख्न सन्थाल समुदायका मुर्मु २०६५ सालदेखि जगदम्बा मुर्मु योग जडिबुटी उत्पादन तथा उपचार केन्द्र सञ्चालनमा ल्याएको थियो । उपचार केन्द्र सञ्चालनमा ल्याएपछि सन्थाल समुदाय मात्र नभई अहिले सवैका लागि हरोपैथीक पदती भरपर्दो उपचार केन्द्र बनेको छ ।

साईकलबाट लडेर खुट्टा भाँचिएपछि केन्द्रमा उपचारका लागि आईपुगेका मोरङ बेलवारी-९ का सिद्धार्थ खड्का आधुनिक उपचार भन्दा सस्तोमा हुने जडीबुटीको उपचारले निको भएको छु । उपचारको लागि केन्द्रमा १ महिनाको उपचारपछि निको भएर स्कुल जान थालेकोमा खुशी व्यक्त गरेका थिए ।

वांकी अन्तिम पेजमा...

वडावासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

अर्जुन गिरी (वडा अध्यक्ष)
विराटनगर महानगरपालिका वडा नं. १० को कार्यालय

आर्या न्यूरो हस्पिटल
कञ्चनबारी, विराटनगर-३
नि:शुल्क न्यूरो OPD
समय: १२:00 बजे देखि
तलका मध्ये कुनै समस्या देखिएमा
- टाउको दुख्ने, टाउको भारी हुने
- हात खुट्टा दुख्ने, हात खुट्टा नचल्ने (Paralysis) हुने
- हात खुट्टा गल्ने, लुलो हुने, हिड्न उभिन गाह्रो हुने
- हात खुट्टा झमझम गर्ने, पोल्ने, हात खुट्टा काम्ने
- घाँटी पछाडि दुख्ने, ढाड दुख्ने
- मुख बाङ्गिने, आँखा बन्द नहुने, एउटै कुरा दुइटा देख्ने
- खाने कुरा निल्न गाह्रो हुने, बोली नआउने
- (प्रष्ट आवाज नआउने)
- चक्कर लाग्ने, हिड्दा लड्ने
- मिर्गी लाग्ने, छारे लाग्ने, बेहोस हुने
- कुराहरु बिर्सने, बेसुरका कुराहरु गर्ने





डा. पंकज राज नेपाल
वरिष्ठ न्यूरो सर्जन तथा प्रबन्ध निर्देशक
9802760888

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## छठपर्व...

फलफूल तथा मुला, गाजर, बेसारको गाँहो, भोगटे, ज्यामिरी, नरिवल, सुन्तला, केरा नाङ्लो, कोनिया, सरवा, ढाकन, माटोको हात्ती, ठूलो ढाक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवम् लोकगीत गाउँदै निर्धारित जलाशय नजिक बनाएको छठ घाटसम्म पुगेका थिए ।

व्रतालुले सन्ध्याकालीन अर्घ्यका लागि पानीमा पसेर सूर्य अस्ताउञ्जेलसम्म अस्ताउँदो सूर्यलाई आराधना गर्दै दुवै हत्केलामा पिठार र सिन्दूर लगाएर अक्षेता फूल हालेर अन्य अर्घ्य सामग्री पालोपालो गरी अस्ताचलगामी अर्घ्य अर्पण गरेका थिए ।

त्यस्तै छठ पर्वको चौथो दिन शुक्रवार एका बिहानै पुन : छठघाटमा पुगी जलाशयमा पसेर अघिल्लो दिन गरेको क्रम दोहोऱ्याई प्रात:कालीन उदाउँदो सूर्यलाई अर्घ्य दिई छठ पर्व सम्पन्न गरेका छन् ।

महाभारतका अनुसार द्रोपदी सहित पाण्डव अज्ञातवासमा रहँदा उक्त गुप्तावास सफल होस् भनी सूर्यदेवलाई आराधना गरेका थिए । उक्त समयमा पाण्डव मिथिलाको किराँत राजाका क्षेत्रमा बास बसेको उल्लेख छ । लोक कथनबमोजिम सोही समय देखि छठ मनाउने परम्पराको थालनी भएको थियो ।

सूर्य पुराणअनुसार सर्वप्रथम पत्नी अनुसुइयाले छठ व्रत गरेकी थिइन् । फलस्वरुप उनले अटल सौभाग्य र परिप्रेम प्राप्त गरिन र त्यही बेलादेखि छठ गर्ने परम्पराको सुरुआत भएको तथ्य उल्लेख छ । धार्मिक आस्थाका साथसाथै सामाजिक सद्भावको रुपमा समेत विकसित छठ पर्व हिन्दूको सँगसँगै मुस्लिमले पनि मनाउने गर्छन् ।

ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।

## हैरोपैथिक...

खड्का मात्र होईन धनपालथान गाउँपालिकाकी ३२ वर्षीया बबिता ठाकुर विगत ५ वर्षदेखि घाँटीको नासा दुखेर जगदम्बा मुर्मु योग जडिबुटी उत्पादन तथा उपचार केन्द्रमा उपचार गराएपछि जडीबुटीले निको भएको वताउँदै भने घाँटीको नासा दुखेर अन्य अस्पतालहरुमा उपचार गाराएपनि निको नभएपछि हैरोपेथि उपचारमा लागेको वताईन ।

उपचार केन्द्रमा हरोपैथीक पद्धती मार्फत नासा, च्यापिएको, हाथ, खुट्ट भाँचिएको, प्रेस, सुगर र क्यान्सर लगायत जटिल प्रकृतीका विरामीहरुको पनि उपचार गर्दै आईरहेको वैद्य मुर्मुले वताए । यो पदतीबाट ताजा जडिबुटी प्रयोग गरी सवै खालको विरामीको उपचार गर्दै आईरहेको बैद्ध मुर्मुको भनाई छ । हैरोपेथिक पद्धती जडीबुटीले उपचार गर्ने भएकोले यो पदतीलाई जोगाउन सरकारले विशेष ध्यान दिनु पर्ने वताए ।

सन्थाल समुदायका मानिसहरु अहिले पनि कमैले अस्पताल पुग्ने गरेका छन् । सकभर उनीहरु आधुनिक अस्पताल आउँदैनन् वरु जडीबुटी नै प्रयोग गरेर निको हुनेमा विश्वास गर्दछन् ।

संस्थाले आफ्नो केन्द्रीय कार्यालय रंगेली नगरपालिका वडा नं. ४ आमतोलामा राखिएको छ भने शाखा कार्यालय विराटनगर महानगरपालिकाको बरगाछी चौक देखि पूर्व संचालन गर्दै आएको छ । हैरोपेथिक उपचार सेवा दिनका लाग २ जना वैद्य र सहयोगी ४ जना गरी ६ जनाको जनशक्ति रहेको छ ।

## पार्टीको...

प्रक्रियाहरू समेतको बेवास्ता गरी पदीय मर्यादा विपरीत जापानको भ्रमण गरेपछि पार्टी र संसदीय दलको तर्फबाट मन्त्री पदबाट राजीनामा कार्तिक २१ गते बुधवार राजीनामा दिएका थिए । उहाँमाथि मानव तस्करीको गम्भीर आरोप समेत लागेको छ ।

खतिवडाले जापान भ्रमण प्रकरणले नेकपा (एमाले) माथि समेत गम्भीर आरोप लगाउँदै अन्य गम्भीर प्रकृतिका अनियमितताका घटनाहरूलाई ढाकछोप वा हल्का बनाउने प्रयास भइरहेको कुराले पार्टीको गंभिर ध्यानाकर्षण भएको वताए ।

आफुमाथी आरोप लागेपछि शुक्रवार अधिकारीले निष्पक्ष छानबिनमा सहयोग पुगोस भन्दै पार्टीका सबै जिम्मेवारी बाट मुक्त गर्न माग गरेका थिए । गर्नु भएको थियो । शनिवार पार्टीले सबै जिम्मेवारीबाट अधिकारीलाई निलम्बन गरेको छ ।




## वडावासीहरूमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

**सुर्य नारायण महतो (वडा अध्यक्ष)**
**विराटनगर महानगरपालिका वडा नं. १४ को कार्यालय**

## वडावासीहरूमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

**राम पोखरेल (वडा अध्यक्ष)**
**विराटनगर महानगरपालिका वडा नं. ८ को कार्यालय**

## बालबालिकालाई निमोनियाबाट जोगाऔं

निमोनियाबाट बालबालिकालाई बचाउन,
- नियमित रूपमा लगाउने खोपहरु लगाऔं,
- आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं,
- धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं,
- सरसफाईमा उचित ध्यान दिऔं,
- संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।

**नेपाल सरकार, विज्ञापन बोर्ड**

## पूर्वाधार विकास कार्यालय
## विराटनगर, मोरंग

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# राष्ट्रकै अपमान हुने काम नगरौ

कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री लिलाबल्लभ अधिकारीले गैरकानुनी रुपमा गरेको जापान भ्रमणले मुलुक भरी चर्चा पाएको छ। चर्चा पाउनको मुख्य कारण हो मन्त्री पदमै वहाल रहेको वेला प्रदेश सरकारकौ विना अनुमती जापान भ्रमण गर्नु र त्यहाँवाट जापान सरकारले फिर्ता पठाउनुले अधिकारीले मन्त्री पदवाट समेत राजीनामा दिनु पर्‍यो। नेकपा एमाले पार्टीले समेत संङ्गाठनिक सदस्यवाट समेत निलम्बन गरी सेकको छ। अधिकारीले मर्यादा विपरी गरेको भ्रमणले अधिकारीमाथि मानव तस्करीको संगिन आरोप समेत लाग्न थालेको छ।

मन्त्री लीलावल्लभ अधिकारीले गरेको असफल जापान भ्रमणले नेपाल राष्ट्रकै स्वाभिमानमा दाग लगाएको छरु। एउटा समान्य कर्मचारीले कुनै काममा जाँदा त हाकिमलाई जानकारी गराएर मात्र जाने गर्दछन। तर कोशी प्रदेशका मन्त्रीपदमा वहाल रहेकै वेला मुख्यमन्त्रीलाई समेत कुनै जानकारी नदिई समान्य कार्यक्रममा जापान वोलाएका भन्दै सुटुक्क जापान जाने मन्त्री आफुसंगै अन्य मन्त्रालका नक्कली कर्मचारीलाई जापानलानु भनेको अपराधिक घटना हो। यस्तो घटनाले देशकै मान सम्मानमा आच आएको छ। अधिकारी कार्तिक १३ गते मंगलवार जापान उडेका थिए। जापान अध्यागमनले ४८ घण्टा मन्त्रीलाई होल्ड गराएर १७ गते नेपाल फर्काएका थिए।

मन्त्री अधिकारीसंगै गएर फर्किएकामध्ये कञ्चन देवकोटा, जनक राई र दावा शेर्पा प्रहरी नियन्त्रणमा परिसकेका छनरु। मन्त्री अधिकारीलाई समेत कानुनी दायरामा ल्याउन आवश्यक छ। मन्त्री अधिकारी आफै स्वय कानुन व्यवसायी भएकोले अनजानमा गल्ती भएको भनेर उन्मुक्ती पाउँदैन कानुन भन्दा कोही पनि माथि हुँदैन भन्ने कुरालाई शिरोधार गरी मन्त्री अधिकारीलाई समेत कानुनी कठघारामा ल्याउन जरुरी छ।

## साप्ताहिक राशिफल

**मेष** (**चु, चे, चो, ला, लि, लु, ले, लो, अ**) : **दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष** (**इ, उ, ए, ओ, वा, वि, वु, वे, वो**) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन** (**क, कि, कु, घ, ङ, छ, के, को, ह**) : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट** (**हि, हु, हे, हो, डा, डि, डु, डे, डो**) : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह** (**मा, मि, मु, मे, मो, टा, टि, टु, टे**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या** (**टो, प, पी, पू, ष, ण, ठ, पे, पो**) : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला** (**रा, री, रु, रे, रो, ता, ती, तु, ते**) :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक** (**तो, ना, नि, नू, ने, नो, या, यि, यू**) : **बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु** (**यो, भा, भी, भू, ध, फा, ढ, भे**) : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर** (**भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी**) : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) :**सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ।**

**मीन** (**दी, दु, थ, झ, ञ, दे, दो, च, ची**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# संस्थाहरूको भुलभुलैयामा फसेको नेपालको कृषि

**दिपेश नेपाल**

संस्थाहरूको संरचनामाथि गरेको अनुसन्धान र संस्थाहरूको निर्माण र विकासले नै राज्यलाई समृद्ध बनाउँछ भन्ने खोजका लागि अर्थशास्त्री डारोन एसिमोग्लु, साइमन जोन्सन र जेम्स रोबिन्सनले यस वर्षको अर्थशास्त्रतर्फको नोबेल पुरस्कार प्राप्त गरे।

राज्य व्यवस्था र संस्था संरचनाको परिवर्तनका लागि करिब एक शताब्दीदेखि प्रत्यक्ष आन्दोलन गर्दै आएका र समृद्धिको महसुस गर्न नसकेका नेपालीको लागि यो अनुसन्धान र पुरस्कार खिलमा गडेको काँडो बिझाए जस्तै भएको छ।

व्यवस्था र संस्था परिवर्तन गरेर जनताकै शासन व्यवस्था कायम गर्ने विश्वासमा कहिले प्रजातन्त्र त कहिले लोकतन्त्रको लागि लडेका नेपालीको नेतृत्व गर्ने राजनैतिक संस्थाहरूले नै संस्थाहरूको निर्माणभन्दा आत्मकेन्द्रित प्रयोग गरेको कारण हामीले अपेक्षित उपलब्धि हासिल गर्न सकेका छैनौं।

यही सन्दर्भमा, यो आलेख कसरी कृषि विकासका लागि बनाएका संस्थाहरूले नै नेपालको कृषिलाई ध्वस्त बनाए भन्ने वरपर केन्द्रित छ।

**कृषि विकास**

नेपालको कृषि विकास गर्ने अड्डाको रूपमा राणा प्रधानमन्त्री चन्द्रशमशेरले १९७८ सालमा कृषि अड्डाको स्थापना गरेसँगै नेपालमा कृषि संरचना सहितको कृषि विकासको औपचारिक सुरुवात भएको मानिन्छ। यससँगै, १९८२ सालमा कृषि प्रदर्शन फार्मको स्थापना गरी कृषि अड्डालाई कृषि विभागको रूपमा विकसित गरियो।

यी कृषि संरचनाको स्थापनाको उद्देश्य नेपालको कृषि क्षेत्रलाई पश्चिमाको जस्तै एकल र उत्पादनमुखी बनाउने नै थियो। अर्को शब्दमा भन्दा नेपालको कृषि विकास गर्ने थियो। नेपालमा कृषि संरचना निर्माण हुनुअघि नै जंगबहादुर राणाले उत्पादकत्व, व्यापार र शहरी सौन्दर्यलाई केन्द्रमा राखेर जर्सी गाई, चिया र ज्याकाराण्डा ल्याएका थिए। जसले नेपालको कृषिलाई विकसित बनाउनु भनेको उत्पादकत्व बढाउनु हो भन्ने धारणा विकसित गर्न सघायो।

नेपालमा औपचारिक कृषि विकास गर्ने संरचना खुलेको एक शताब्दी नाघिसकेको छ। यो १०६ वर्षयता नेपालमा कृषि विकासकै लागि भनेर धेरै संरचनाहरू निर्माण भए। कृषिको मात्रै विकास गर्ने भनेर सिंचाइ र खाद्य व्यवस्थाको लागि छुट्टै मन्त्रालय खडा गरेर २०३८ सालमा कृषि मन्त्रालय नै निर्माण भयो।

बढ्दो कृषि लागत, न्यून प्रतिफल, जलवायु परिवर्तनको जोखिम, बिग्रँदो माटोको गुणस्तर, बिग्रँदो किसानको स्वास्थ्य र रसायन र विषादी सहितको उत्पादन नेपालको समकालीन कृषिका मुख्य समस्याहरू हुन्। तर परपरसम्म हाम्रा अनुसन्धानका लागि निर्माण गरिएका संरचनाले यस्ता समस्याहरूलाई प्राथमिकतामा राखेका छैनन्।

देश संघीयतामा गएसँगै सबै प्रदेशमा कृषि मन्त्रालय राखिएको छ। योसँगै कृषि विभाग, निर्देशनालय गरेर नेपालमा कृषि विकासकै लागि धेरै संरचनागत विकास गरिएको छ। तर कृषि उपजको उत्पादन, किसानको उत्प्रेरणा झनै घट्दो छ भने कृषि कर्मबाट विस्थापित किसान र किसानी श्रम विदेशिइरहेको छ।

नेपालमा कृषि विकासकै लागि संरचना त विकसित भए तर न त संरचनाहरू स्वायत्त भए न एक शताब्दीमा हामीले व्यवसायीकरण र आधुनिकीकरणको नारा नै रट्न छोड्यौं। कृषि विकासका कार्यक्रम निर्माण गर्दा सरकारी निकायहरूले लोकतन्त्रको उपयोग नै गर्न सकेनन्।

यसकारण जबर्जस्ती अनुदानका कार्यक्रमहरू, रसायन र विषादि आपूर्ति, जोन र सुपरजोन निर्माण गरी लगानी बढाउने जस्ता लोकप्रिय तर वर्षौंदेखि असफल कार्यक्रमहरूले निरन्तरता पाइरहे र ठूलो धनराशि खर्च भइरह्यो।

सरकारी निकायहरूले नै हाम्रो परम्परागत कृषिलाई निर्वाहमुखी कृषिको दर्जा दिए र आम जनमानसमा एकल सघन खेती नै कृषि क्रान्तिको बाटो हो भन्ने भ्रम स्थापित भयो।

कृषि कार्यक्रमहरू अलोकतान्त्रिक ढंगले निर्माण त गरियो नै, अर्कोतर्फ संघीयतासँगै संविधानले बोकेको कृषि विकासको विकेन्द्रीकरणको मर्म कार्यान्वयनमा आइपुग्दा कुल्चिइयो। कार्यक्रम निर्माण गर्दा, स्थानीय तहमा सशर्त अनुदान भनेर होस्, बजेट बाँडफाँटमा होस् या कर्मचारीको दरबन्दी हेर्दा होस्, कृषि संरचनाहरू पूरै केन्द्रीकृत भए।

संघीयतासँगै जिल्ला तहको कृषि कार्यालय हटाउनुपर्ने चर्चा चल्यो। कर्मचारीहरूको आन्दोलनले त्यो सम्भव भएन र कृषि ज्ञान केन्द्र भन्ने संस्था बनाइयो। त्यो कार्यालयको काम नाम अनुसार नभएकाले बागमती प्रदेशले कृषि विकास कार्यालय भनेर नामकरण गरिसकेको छ।

अन्य प्रदेशमा पनि यी कार्यालयले अनुदान वितरण बाहेक केही गरेको देखिंदैन। जसले स्थानीय तहमा रहेको कृषि शाखा, जिल्लाको कृषि ज्ञान केन्द्र र अन्य सरकारी प्रोजेक्टको कार्यक्रम एउटै, अझभन्दा अनुदान वितरण, लगत संकलनमा सीमित भयो।

नेपालमा कृषि विकासका लागि भनेर खोलिएका संरचनाले सबैभन्दा धेरै कृषि प्रसार र अनुदान वितरणमा खर्च गरेको देखिन्छ जुन नेपालको कृषि क्षेत्रकै दुर्भाग्य बन्न पुगेको छ। हजारौं वर्षको प्रयोग र सिकाइ विधिबाट विकसित तथा पुस्तान्तरण हुँदै आएको कृषिले काम नगर्ने भाष्य सहित ल्याइएको किसानलाई सिकाउने प्रसार सेवाले नेपालको स्वचालित कृषि क्षेत्र ध्वस्त बनायो।

बढेको कृषि लागतलाई छोप्न रसायनको अनुदानमा ठूलो धनराशि खर्च भयो। पछिल्लो एक दशकमा रासायनिक मलमा सरकारले गरेको लगानी र कृषि उपजको उत्पादनमा भएको वृद्धिको तथ्यांक हेर्न हो भने अनुदान रकम बराबरको उत्पादन पनि हुनसकेको छैन। जसले पनि पुष्टि गरेको छ, नेपालको कृषि विकासका लागि बनेका संस्थाहरू नै नेपाली कृषि प्रणाली ध्वस्त बनाउन उद्यत छन् र अझै पनि व्यवसायी करणको रटान छोड्न सकेका छैनन्।

**कृषि शिक्षा**

नेपालमा विकसित औपचारिक शैक्षिक प्रणाली भारतमा विस्तार भएको ब्रिटिश औपनिवेशिक शैक्षिक प्रणालीको प्रभावबाट सुरु भएको पाइन्छ। नेपालमा २०१४ सालमा पुल्चोकस्थित जगदम्बा भवनमा जेटीए तहको कोर्ष सुरु गरिएको थियो।

२०२५ सालमा कलेज अफ एग्रिकल्चरको स्थापना भएर उक्त कार्यक्रम दुईवर्षे कृषि आईएस्सी एजीमा रूपान्तरण भयो। करिब चार वर्षपछि उक्त कलेजलाई कृषि तथा पशु विज्ञान अध्ययन संस्थानको रूपमा विकास गरी बीएस्सी एजी तहको पढाइको सुरुआत गरियो।

योसँगै नेपालमै प्रमाणपत्र भएका कृषि विज्ञहरू उत्पादन हुन सुरु गरे। पछिल्लो समयमा

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिंविस मोरङ ५३६३५३
नेरिसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

लाईफ गार्ड हस्पिटल
०२१४६४१७७
कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# भान्सामै रहेछन् यतिका औषधि

हामीले भान्सामा मसलाका रुपमा प्रयोग गर्ने धेरै कुरा औषधि भएको निकै कमलाई जानकारी हुन्छ। जिब्रोको स्वादका लागि आवश्यक ठानिएका ती मसलाले तन्दुरुस्त रहन सघाइरहेका हुन्छन्। कुन मसला कुन रोगका लागि लाभदायी हुन्छ त ?

**लसुन**

लसुनलाई खाना स्वादिस्ट बनाउने मसला मात्रै ठान्नु लसुनप्रतिको ठूलो अन्याय हो। मानव स्वास्थ्यका लागि धेरै लाभदायी गुण हुन्छन् लसुनसँग। एसिडिटीको समस्यामा यसको प्रयोग असाध्यै लाभदायी मानिन्छ । लसुनले उच्च रक्तचाप कन्ट्रोल गर्न मद्दत गर्छ। यसले रगत प्रसारणमा नियन्त्रण गरेर कतिपय अवस्थामा मुटुका रोग लाग्नबाट समेत जोगाउँछ।पेटका रोग जस्तै डाइरियाका लागि यसको प्रयोग असाध्यै प्रभावकारी ठानिएको छ। त्यसैगरी प्राचन प्रक्रियालाई यसले सघाउँछ। आत्तिने वा तनावबाट सिर्जना हुने एसिडिटी कन्ट्रोल गर्न पनि काम आउछ ।

लसुनमा रहेको डिटक्सि फिकेसन गुणका कारण विश्वमैं वैकल्पिक चिकित्सामा यसलाई सबभन्दा राम्रो खाद्य सामग्री मानिएको हो। यो त्यति शक्तिशाली हुन्छ, कतिपय परजीविलाई शरीरभित्रै सिध्याइदिन्छ। मधुमेह र कति प्रकारका क्यान्सर समेत निको गर्न यसले मद्दत गर्छ। लसुन श्वासप्रश्वास प्रणालीका लागि पनि राम्रो हुन्छ। यसले टिबी, दम, निमोनिया, रुघालगायतका रोगको रोकथाम गर्न सक्छ ।

**खुर्सानी**

खुर्सानीको प्रयोग बुझेर गर्दा यसले ओखतीकै काम गर्छ। बङ्गारा दुखेमा सफा सिलौटामा मसिनो गरी खुर्सानीमा पानी मिसाई पिँधेर कपडाछान गर्नुपर्छ। यदि वायाँ वङ्गारो दुखेको छ भने दाहिने कानमा यसको झोल हाल्नुपर्छ। यदि खुर्सानी पानीले पोल्यो भने अलिकति घ्यू मनतातो पारेर एक दुई थोपा कानमा हाल्दा सन्चो हुन्छ ।

पुरानो खुर्सानीको बोटको जरा सुरक्षित राखी जरालाई चन्दन बनाएर मोतीया बिन्दु हुन लागेको या आँखामा लगाउदा आराम गर्छ । एउटा खुर्सानी पानीमा डुवाउनुपर्छ। त्यसलाई छानेर अलिकति मह मिसाई कुल्ला गर्दा घाँटीको घाउ निको हुन्छ। केही बेर पोल्न सक्छ ।

स्वर बन्द भएमार गला बसेमा तीन वटा खुर्सानी एउटा कागती तीन मासा बदाम, तीन ग्राम मिश्री र बबुरको गुँद पिधनु र गोली बनाउनुएर दिनमा दुई(दुई पटक गोली मुखमा राखी चुस्नुपर्छ। बसेको स्वर खुल्छ । मृगौला शुल एउटा खुर्सानी पानीमा हाली खुव पिँधि चन्दन जस्तो भएपछि शुल भएको ठाउमा लेप लगाउनु, दुख्ने एकदम छोड्छ ।

निमोनिया एउटा खुर्सानीमा पानी हालेर खुव पिँधि चन्दन जस्तो लेप तयार भएपछि मनतातो बनाई दुखेको ठाउमा लेप गर्दा दुख्न छोड्छ। लेप लगाएको ठाउमा सहन नसक्ने गरी पोल्यो भने १५ मिनेट पछि लेप हटाई पोलेको ठाउमा गाईको घ्यू लगाई दिनु पर्छ ।

**ज्वानो**

ज्वानो एक मसला हो। यो उष्ण प्रकृतिको मानिन्छ। यसको प्रयोग तरकारी आदिमा बढी गरिएपनि नेपालमा यसको प्रचलन सुत्केरी अवस्थामा धेरै गरेको पाईन्छ। बच्चा र आमा दुबैको स्वास्थ्यको लागि परापूर्वकालदेखि यसको प्रयोग बढी लाभदायक मानिएको छ। ज्वानोको सबैभन्दा ठूलो विशेषता यसमा रहेको क्याल्सियम हो। एक चिया चम्चा ज्वानोमा ७६ मिलिग्राम क्याल्सियम पाइन्छ। कुपोषण भएका र लामो बिमारीपछि उठेका बालबालिका, वृद्धा, गर्भवती महिला सबैलाई ज्वानोको प्रयोगले गर्छ। सुत्केरी अवस्थामा ज्वानोले शरीरलाई चाहिने आवश्यक क्याल्सियम को परिपूर्ति गर्छ र दूध बढाउँछ। आमाको दूधबाट बच्चालाई पनि क्याल्सियम प्राप्त हुन्छ ।

यसले पाचनशक्ति बढाउँछ, हानीकारक जीवाणु एवम् कृमिनाश गर्छ, वायुविकार हटाउँछ। गर्मी, सर्दी दुबै मौसममा अनुकुल ज्वानोले फाइदा गर्छ। पेट दुखाइ कम गर्न, पेटका कृमिहरु नाश गर्न र पाठेघर सबल पार्न ज्वानोको प्रयोग फाइदा जनक छ। ज्वानोको बढी प्रयोग गर्दा हानी देखिएमा धनियाँको प्रयोग गर्नुपर्ने कुरा आयुर्वेदले मानेको छ ।

पेट दुखेमा ज्वानो पानी पकाएर थोरै नून मिसाई खान दिँदा पेट दुखेको कम हुन्छ। पेट फुलेमा भुटेको ज्वानो एक चम्चा र थोरै बीरेनून मिसाई पिस्ने र त्यो पाउडरलाई एकडेढ चम्चा तातो पानीसँग खाने गर्दा पेट फूल्ने ठिक हुन्छ। महिलाहरुमा सेतो पानी बग्ने समस्या भएमा नियमित रुपले चौलानी पानीमा भुटेको ज्वानोको पाउडर राखी फिटेर केही महिनासम्म पिउने गर्दा सुधार हुन्छ। ज्वानोको प्रयोग झोल बनाउँन, तरकारी एवम् भात, रोटी वा अन्य खानेकुरा आदि पनि गर्न सकिन्छ ।

**पुदिना**

पुदिना वा पतिना प्राय: चटनी वा अचारको रुपमा खाने गरिएको वनस्पति हो। पुदिना नेपाल, भारत, चीन लगायतका देशहरूमा प्राय: पाइन्छ । चिसो स्थान ठाउँमा भइरहने प्राय: गर्मीतिर फुल्ने गर्दछ। अचार, तरकारी आदिको रुपमा प्रयोग गरिने पुदिना ताजा एवं सुकाएर दुबै रूपमा प्रयोग गर्न सकिन्छ ।

आयुर्वेदिक भनाइमा पुदिना स्वेद कारक, उष्ण, दीपन, एवं वायु कफनाशक, भोक बढाउने, मलमूत्रजन्य रोग रोकथाम गर्ने आदि गुणले भरिएको हुन्छ। यो खोकी, अजीर्ण लगायत विविध पेटका रोगहरुमा गुणकारी छ।

दिनहुँ खानाको साथमा आधा चम्चा पुदिनाको रस वा ५/६ वटा ताजा पुदिनाको पात वा केही मात्रामा यसको अचार खाएमा अपच भएको अवस्थामा फाईदा हुन्छ । पेट फुल्ने वा अजीर्ण भएमा पुदिनाको १-२ चम्चा रस, केही मात्रामा बीरेनून राखी ४ गुणा मनतातो पानीसँग खाँदा पेट फुलेको ठीक हुन्छ ।

पुदिनाको ताजा वा सुकेको पातलाई चिया, सर्वत, चटनी आदि कुनै न कुनै रूपमा सेवन गरेमा क्यान्सरको शुरु अवस्थामा यसले औषधि जस्तै काम गर्दछ। दिनको १०/१५ वटा ताजा पातलाई थिचेर पानीमा मिसाई मह वा थोरै कागती र नून मिसाई दिनको २-३ पटक केही महिनासम्म खुवाउन सकिन्छ ।

कुनै अंगमा घाउ भएमा वा काटेको ठाउँमा रगत बग्न नरोकिएमा घाउ सफा गरी पुदिनाको पातलाई राम्ररी पखाल्ने र त्यसको रस निकाली लगाउँदा घाउमा रगत थामिन्छ र छिटो निको पार्न समेत मद्दत गर्छ । सामान्य कारणले कुनै व्यक्ति मुर्छा वा बेहोस् भएको छ भने पुदिनाको पातलाई माडेर केहीबेर सुँघाइदिँदा होस आउँछ । पुदिनाको रस निकाली आधादेखि २ चम्चासम्म रसलाई पानी मिसाई खानदिँदा ज्वरो घटद्छ । पुदिनाको पातलाई पानीमा पकाउँने, पानी सुकेर रहेको चौथाइ मात्रालाई विहान पिउँदा पेटको दुखाइमा आराम हुन्छ । पुदिनाको पात पानीमा पकाइ पिउँदा दम र खोकीमा सुधार हुन्छ। घाँटी बढी खसखस भएर खोकी लागेमा पनि यसको प्रयोगले फाइदा पुग्छ ।

**अदुवा**

आयुर्वेदिक चिकित्सा पद्धतिमा अदुवालाई महाऔषधिको नाम दिइएको छ। फिलिपिन्समा अदुवा चपायो भने दुष्टात्माहरु नष्ट हुन्छन् भन्ने विश्वास गरिन्छ। अठारौं शताब्दीतिर युरोपमा अदुवाले यौनशक्ति बढाउछ भनेर विश्वास गरिन्थ्यो। यसको प्रयोगले गर्दा शरीरमा रोग प्रतिरोधात्मक शक्ति बढाउने र तागत दिने हुनाले यसमा यौनशक्ति बढाउने क्षमता पनि रहेको हुन्छ भन्ने ठानिन्छ ।

अदुवामा पनि एक प्रकारको गन्धरहित तेल हुन्छ। त्यसैले अदुवा चपाएर राख्दा पनि मुखबाट कुनै गन्ध आउदैन। अदुवालाई ताजा र सुकाएर प्रयोग गर्न सकिन्छ। सुकाएको अदुवालाई सुठो भनिन्छ। जाडोमा अदुवाको काँढा बनाएर खाने चलन छ। रुघाखोकी, घाटी दुख्दाको बेलामा अदुवाको टुक्रालाई सफा गरेर पोलेर मुखमा राखिराख्दा घाटीबाट हुने दुखाइ धेरै नै कम हुन्छ। गर्भावस्थाको सुरुसुरुको एक टुक्रा अदुवा मुखमा हालेर रस निलिरह“दा वाकवाकी हुने समस्या धेरै कम हुन्छ ।

अपच भएको बेलामा अदुवाको ससाना टुक्रालाई बिरेनूनसंग मिसाएर खानाले अपचको समस्या कम हुन्छ । अदुवाभित्रका केही तत्वहरुले कोलेस्टेरोल नामको बोसो घटाउन मद्दत गर्छन् र मुटुको रोगबाट बचाउ“छन्। विदेशतिर जिन्जरओला भनेर अदुवाबाट निकालिएको रस बेचिन्छ ।

**हींग**

हींगलाई भगवानको खाना भनिन्छ। यसले खानाको स्वाद र सुगन्ध बढाउने मात्र नभई बिभिन्न रोगबाट पनि बचाउछ। यसले पाचनक्रिया मजबुत बनाउछ। श्वासप्रश्वाससम्बन्धी रोगबाट बचाउछ। रोघाखोकी लाग्नबाट बचाउछ। तातो पानीमा राखेर हिंग खाँदा ब्रोन्काइटिसमा राहत मिल्छ। पेट दुख्दा तातो पानीसंग हींग खाँदा दुखाई कम हुन्छ। दाँत दुखेमा हींग खाँदा राहत मिल्छ। दुखाई भएको ठाउमा हींगको लेप लगाउदा दुखाई कम हुन्छ। रोग प्रतिरोधात्मक क्षमता बढाउछ। दाद, लुतो भएको ठाउमा हिंगको लेप लगाउदा औषधिको काम गर्छ। कब्जियत भएमा तातो पानी र हिंग खाँदा फाइदा हुन्छ ।

**गोलभेंडा**

नेपाली भान्छामा अचारका रूपमा प्रयोग गरिने, तरकारीमा प्रयोग गरिने र सलादका रूपमा खाइने खाद्य पदार्थ हो, गोलभेंडा। पाकेको गोलभेंडा हेर्नमा जति आकर्षक देखिन्छ, उति नै लाभकारी पनि मानिन्छ ।

गोलभेंडाको इतिहास निकै पुरानो छ । गोलभेंडा गुलियो, अमिलो, पाचक, शक्तिबर्द्धक र रुचिबर्द्धक हुनुका साथै यसले अतिसार, पेट र मोटोपना रोक्ने औषधिको पनि काम गर्छ। यसमा लौह तत्वको मात्र दूधभन्दा दुई गुणा र अंगुर, मौसम, तरबुजा तथा खरबुजाको तुलनामा बढी पाइन्छ। गोलभेंडामा क्याल्सियम, चुना, गन्धक, साइट्रिक एसिडलगायतका तत्व पाइन्छ। गोलभेंडा भिटामिनको भण्डार हुन्छ। गोलभेंडा सेवन गर्दा कब्जियतको समस्या समाधान हुन्छ, रक्त विकारबाट मुक्ति मिल्छ, सुख्खा, एक्जिमाजस्ता रोगमा रामबाण मानिन्छ ।

गोलभेंडा खाने मानिसमा मधुमेह, रुघा, दाँतको समस्या, रक्तस्रावजस्ता रोग लाग्दैन। साथै नेत्र रोगको समस्या पनि हुँदैन।त्यसो त गोलभेंडा खानाले गम्भीर रोग पनि लाग्छ, जसमा क्यान्सर, पत्थरी, जोर्नी दुख्ने रोग, टाउको दुखाई, कमर दुखाइ पर्छ। यसकारण सन्तुलित मात्रामा नियमित गोलभेंडाको सेवन स्वास्थ्यवर्द्धक हुन्छ भने बढी सेवन कष्टकारक पनि वनन सक्छ ।

# जुवातास खेल्ने अठार जनाको समूह पक्राउ

विराटनगर । इलाका प्रहरी कार्यालय दमक, झापाले जुवा तास खेल्ने १८ जनाको समुहलाई पक्राउ गरेको छ। कात्तिक २२ गते विहीवार झापा शिवसताक्षी नगरपालिका-११ नहर चौक स्थित चन्द्रमणी रिमालको घर मा जुवा तास खेलीरहेका अवस्थामा उनीहरुलाई पक्राउ गरिएको थियो ।

पक्राउ पर्नेमा शिवसताक्षि-५ का मुकेश राउत, गौरिगंज गाउँपालिका-१ का ४७ वर्षिय हरी राजवंशी ,शिवसताक्षि-११ का ६२ बर्षीय चन्द्रमणि रिमाल, ४५ वर्षिय राजेन्द्र बास्कोटा, ४९ वर्षिय दिपेन्द्र घिमिरे, ४७ वर्षिय राजेद्र बुबर, शिवसताक्षि-७ का ५४ वर्षिय छत्र बहादुर सोडारी, ६१ वर्षिय मणी खड्का, ३२ वर्षिय राजु दर्जी, ५१ वर्षिय तुला सुब्बा, ६९ वर्षिय सितारम कार्की, ४३ वर्षिय खडी बहादुर श्रेष्ठ, शिवसताक्षि-४ का २४ वर्षिय सेवराज राजवंशी, ३६ वर्षिय रुप ना. साहा,३५ वर्षिय मनोज साहा, शिवसताक्षि-९ का ३३ वर्षिय निरज दुलाल , ५६ वर्षिय मोहन प्रसाद दुलाल र शिवसताक्षि- ६ का ४८ वर्षिय लोकनाथ दुलाल रहेको छ ।

प्रहरीले जुवाको खालबाट नगद ४ लाख ५४ हजार ५ सय रुपैयाँ समेत बरामद गरेको छ। पक्राउ परेका उनिहरुको आवश्यक कानुनी कारवाही भईरहेको छ ।

# गाँजा लगायतका प्रतिबन्धित लागुऔषध सहित ६ पक्राउ

विराटनगर । झापा, मोरङ, पाँचथर र उदयपुरबाट प्रतिवन्धित लागुऔषध ब्राउनसुगर, निषेधित औषधी र गाँजा सहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ। कार्तिक २० गते मंगलवार झापाको इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई पत्रकाउ गरिएको थियो ।

पक्राउ पर्नेमा दमक नगरपालिका-६ बसपार्क स्थितबाट इलाम चुलाचुली-५ का ४२ बर्षीय राजेन्द्र राईलाई ४ ग्राम ब्राउन सुगर सहित र मेचीनगर नगरपालिका-६ स्थित मेचीपुलबाट लागु औषध नियन्त्रण व्युरो काँकरभिट्टाको प्रहरी टोलीले शिवसताक्षी नगरपालिका-१ का २७ बर्षीय पुकार तामाङलाई ६ ग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो ।

त्यसै गरी मोरङको विराटनगर महानगरपालिका-१५ स्थितबाट कानेपोखरी-५ का २२ को युसन बि.क.लाई १ ग्राम ६२ मिलिग्राम ब्राउन सुगर सहित लागुऔषध नियन्त्रण व्युरो विराटगनरको टोलीले र रतुवामाइ नगरपालिका-१ स्थितबाट मोरङ मिक्लाजुङ-७ का १९ बर्षीय सरोज लिम्वु र २२ बर्षीय राज मगरलाई नाईट्राजेपाम १०० ट्यावलेट, ट्रामाडोल २०० ट्यावलेट सहित इलाका प्रहरी कार्यालय सिजुवाले नियन्त्रणमा लिएको थियो ।

उदयपुरको अस्थायी प्रहरी बिट आमबासीबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा ८ किलोग्राम गाँजा सहित को. ३८ प १८५ नम्वरको मोटरसाईकल र चालक बेलका नगरपालिका-६ का ३८ बर्षीय लोकेन्द्र राईलाई नियन्त्रणमा लिएको थियो ।

लागुऔषध सहित पक्राउ पेका उनिहरुको थप अनुसन्धान तथा कानुनि कारवाही भईरहेको छ ।

हार्दिक अनुरोध

- सार्वजनिक स्थानमा छाडा चौपाया नछाडौ ।
- बाळश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रूख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थानमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लागि आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरूलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

बुढीगंगा गाउँपालिकाको कार्यालय मोरंग, कोशी प्रदेश

ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।

## मगही भाषामा
# वातावरण संरक्षणके लेल सिमामे वृक्षा रोपन

**श्याम सुन्दर सुतिहार**



विराटनगर । दिन प्रतिदिन वातावरण आर मौसममे देखल गेल प्रातिकुल असरके कारण मानव जीवनमे परेशानी पढल जा रहल हैय । ऐसन समयमे जब लोग भागदौड के जिन्दगीमे वातावरण संरक्षण करैक लेल लापारवाही हो रहल है । आर दोसर तरफ नेपाल भारतके सीमा क्षेत्रम वितल ४ वरिससे वातावरण संरक्षणके लेल संदेश फैलाके भारत नेपाल सामाजिक सांस्कृतिक मंचके अध्यक्ष राजेश कुमार शर्मा वृक्षारोपन सेहो कर रहल हय ।

विगडल वातावरण आर मौषम के समस्या वड्का वड्का होटलमे सभा आर सम्मेलन कैरके समस्याके समाधान असम्भव हय । शर्माके अनुसार वातावरण आर मौषमके स्वच्छ राखैक लेल आम जनमानसमे जागरण के जरुरी हय । वहे वातावरण आर मौसमके स्वच्छ राखैक लेल नेपाल भारत सिमा क्षेत्रमे वृक्षा रोपनको अभियान चलावल गेल हय । अभियानके मुख्य उदेश्य है वातावरण संरक्षणके ले प्रत्येक लोग सवके भागेदारी आर सिमा क्षेत्रमे हराभरा के साथे पृथवीमे सेहो हराभरा राखैके संदेश सेहो द हय ।

वहे उदेश्य के लक भारत-नेपाल मैत्री पर्यावरण संरक्षण अभियान संचालनमे नेपालक बृक्ष मानवके नाम से परिचित सुरश शर्मा के सहयोग आर दिशा निर्देशन से भारत नेपाल सामाजिक सांस्कृतिक मंचके शर्मा लगायत अन्य सहयोगि सवके साथ निरन्तर रुपसे नेपाल भारत सिमाक्षेत्रमे वृक्षा रोपन निरन्तर चल रहल हय । सिमा क्षेत्रमे चलल वृक्षा रोपन अभियान पहिला अभियान हय । वातावरण के वचावक लेल सिमाक्षेत्र मे यी अभियान सकारात्म रुप ल रहल हय । पर्यावरण विद शर्मा कहलक वातावरण वचावक लेल कम समयमे यी अभियान एकदम लोकप्रिय आर जनसमर्थन सेहो मिलल । वहे कारण से अभियानमे स्वस्फुत वहुतो आदमी जुटल जा रहल हय ।

वतावरण संरक्षणके लेल समाजमे मनावल गेल उत्सव, पुजापाठ लगायतके अवरमे विभिन्न जायतके छोटछोट गाछ सव रोपल जाय हय आर पानीसे सिचाई सेहो करल जाय हय । गाछ आर वृक्षके कारण ही धरतीपर हराभारा रहत आर मनुष्य सवके स्वच्छ हावा मिल हय । ऐखैनके आधुनिक समयमे शहरीकरणके कारण गाछ वृक्ष सव काट्ते जा रहल हय जेकर कारण वातावरणमे खतरा भ रहल हय । हमरा सबके वातावरण संरक्षणके लेल जागरुक होना जरुरी हय । अपन घरके अगलवगल खाली जगह हय त वेसी से वेसी फल दै वला आ छाहरी दै वला गाछी सव लगावैके जरुरी हय । जकर कारण से हमरा सवके हर समय शुद्ध आर स्वच्छ हावा मिलते रहना चाहि । वोकरले सार्वजनिक नदी सवेके किनारमे वेसीसे वेसी वृक्षा रोपण करैक जरुरी हय । यी अभियान सन् १९९८ से चल रहल हय ।

ऐखैन तक सिमा क्षेत्रमे सशस्त्र सीमा बल एसएसबी रानी जोगवनी नाकामे शिवलिङ्गके बिरुवा, पटेल नगर जोगवनी स्थित शिव मन्दिर परिसरमे शिवलिङ्गके विरुवा, गान्धी मैदान को छोटी दुर्गा मन्दिर सुपौल बि एस एस कलेज चौक, गायत्री मन्दिर सुपौल, चैती दुर्गा मन्दिर, चक्ला निर्मली सुपौल, तिलेश्वर महादेव मन्दिर, सुखपुर दुर्गा मन्दिर, जवाहर नवोदय विद्या मन्दिर, महादेव मन्दिर धरहरा स्थान, विष्णु मन्दिर गणपत गंज लगायत जगहपर वृक्ष मानव सुरेश शर्माके प्रेरणासे समाजके अगवालोग सव बृक्षा रोपनमे लगल हय ।

# पूर्व मन्त्री अधिकारी माथि छानबिन गर्न माग

**भोजराज घिमिरे**

विराटनगर । नेकपा माओवादी केन्द्र कोशी प्रदेश संसदीय दलले कोशी प्रदेशका पूर्व आन्तरिक मामिला तथा कानुन मन्त्री लिलाबल्लभ अधिकारीमाथि छानबिनको माग गरेका छन । अधिकारीमाथि जापान भ्रमणको क्रममा कूटनीतिक मर्यादा उल्लङ्घन गर्दै मानव तस्करी र सरकारी कागजात किर्तेको आरोप लागेको छ ।

माओवादी केन्द्रले बिहीबार जारी गरेको विज्ञप्तिमा मानव तस्करी र नक्कली कागजातको गम्भीर छानबिनका लागि सरकारलाई ध्यानाकर्षण गराउँदै तत्काल छानबिन प्रक्रियामा अघि बढ्न आग्रह गरेको छ । दलकी प्रमुख सचेतक गिता तिम्सिना द्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ, “जापान भ्रमणसँगै मन्त्रालयकै कर्मचारीको नक्कली परिचयपत्र र अन्य विषय सार्वजनिक भएसँगै माओवादी केन्द्रको ध्यानाकर्षण भएको छ ।”

माओवादी केन्द्रका अनुसार मन्त्री अधिकारीसँगै गएका व्यक्तिहरूले मन्त्रालय का कर्मचारीको नक्कली परिचयपत्र प्रयोग गरेका थिए । जसको आधारमा भिसा र हवाई टिकटको प्रबन्ध गरिएको थियो । विज्ञप्तिमा यो प्रकरण नक्कली भुटानी शरणार्थी प्रकरणजस्तै मानव तस्करी को अर्को रूप भएको आशंका व्यक्त गरिएको छ ।

“नेपालबाट सिधै जापान उडान भएपनि हङकङ ट्रान्जिट उडान प्रयोग गर्नु, यो प्रकरण गम्भीर लापर बाही मात्र नभई उच्च पदस्थ व्यक्तिहरूको मिलेमतोमा भएको नक्कली शरणार्थी प्रकरणजस्तै देखिएको छ,” माओवादीको विज्ञप्तिमा उल्लेख छ ।

सरकारले तत्काल यस घटनाबारे निष्पक्ष छानबिन गर्दै दोषी ठहर भएमा कानूनी कारबाही गर्न माओवादी केन्द्रले माग गरेको छ ।

सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय
विराटनगर, कोशी प्रदेश

नगरवासीको लागि विशेष अनुरोध


- नगरपालिका वा वडा कार्यालयमा बुझाउनु पर्ने सम्पत्ती कर, व्यवसाय कर लगायतका करहरु समयमै बुझाऔं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौ ।
- सडक पेटीमा कुनै पनि किसिमका व्यापार व्यवसाय नगरौ ।
- सडकको क्षेत्राधिकार भित्र ठेला पसल तथा निर्माण सामाग्री नराखौ ।
- नगर क्षेत्रभित्र निर्माण हुने घरको निर्माण पूर्व अनिवार्य घर नक्सा पास गर्ने गरौ ।
- पञ्जीकरणका कार्यहरु ३५ दिन भित्रै गरी जरिवानाबाट बचौं ।
- महिला सशक्तीकरणलाई प्राथमिकता दिऔ ।
- सवै प्रकारका हिंसाको अन्त्य गरौ ।
- उपभोक्ता हित विपरीत हुने कुनै पनि क्रियाकलापहरु पूर्ण रुपमा रोकौं ।
- मिसावट तथा रंग रोगन गरिएका खानेकुराहरुको वेचविखन र सेवन गर्दै नगरौं ।
- बाल श्रमको अन्त्य गरौ ।
- आफ्नो घर वरिपरी हरियाली वनाउन वृक्षा रोपन गर्ने संस्कारको विकास गरौं ।
- देखावटी रुपमा फजुल खर्च नगरौं ।
- सभ्य रुपमा चाडपर्व मनाऔं ।
- चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।

पथरी शनिश्चरे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मोरंग, कोशी प्रदेश

नगरवासीको लागि विशेष अनुरोध

- नगरपालिका वा वडा कार्यालयमा बुझाउनु पर्ने सम्पत्ती कर, व्यवसाय कर लगायतका करहरु समयमै बुझाऔं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौ ।
- सडक पेटीमा कुनै पनि किसिमका व्यापार व्यवसाय नगरौ ।
- सडकको क्षेत्राधिकार भित्र ठेला पसल तथा निर्माण सामाग्री नराखौ ।
- नगर क्षेत्रभित्र निर्माण हुने घरको निर्माण पूर्व अनिवार्य घर नक्सा पास गर्ने गरौ ।
- पञ्जीकरणका कार्यहरु ३५ दिन भित्रै गरी जरिवानाबाट बचौं ।
- महिला सशक्तीकरणलाई प्राथमिकता दिऔ ।
- सवै प्रकारका हिंसाको अन्त्य गरौ ।
- उपभोक्ता हित विपरीत हुने कुनै पनि क्रियाकलापहरु पूर्ण रुपमा रोकौं ।
- मिसावट तथा रंग रोगन गरिएका खानेकुराहरुको वेचविखन र सेवन गर्दै नगरौं ।
- बाल श्रमको अन्त्य गरौ ।
- आफ्नो घर वरिपरी हरियाली वनाउन वृक्षा रोपन गर्ने संस्कारको विकास गरौं ।
- देखावटी रुपमा फजुल खर्च नगरौं ।
- सभ्य रुपमा चाडपर्व मनाऔं ।
- चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।

विराटनगर महानगरपालिका
महानगर कार्यपालिकाको कार्यालय
मोरंग, कोशी प्रदेश



## संस्थाहरुको...

कृषिको छुट्टै विश्वविद्यालय आवश्यक छ भनेर कृषि तथा वन विज्ञान विश्वविद्यालयको निर्माण गरियो । अहिले धेरै विश्व विद्यालयहरूले कृषि स्नातक तथा स्नातकोत्तर अध्यापन गराउन सुरु गरेका छन् ।

कमजोर भौतिक पूर्वाधार, अध्यापन गराउने जनशक्तिको कमी र एउटै प्रकारको पुरानो पाठ्यक्रमको प्रयोगले कृषि अध्ययन गराउने विश्व विद्यालय तथा क्याम्पस बढे पनि कृषि शिक्षाको आकर्षण घट्दै गइरहेको छ। समथर मैदाने कृषिलाई नै कृषि विकास आधारको रूपमा व्याख्या गरिएको पाठ्यक्रम सरसर्ती हेर्दा हरित क्रान्तिको प्रचार सामग्री जस्तै देखिन्छन् ।

थोरै पनि स्थानीय कृषि विशेषताको चेत नभएका पाठ्यक्रमहरूले पढेका जनशक्तिलाई मैदाने, एकल र रसायन एवं विषादी विना उत्पादन सम्भव छैन भन्ने भाष्य स्थापित गर्न सफल भएका छन् । फलत: कृषि स्नातकले दिने प्रसार सेवा नेपालको कृषि र माटो दुवै सपार्न भन्दा बिगार्न उद्यत छ । नेपालको कृषि क्षेत्र राजनीतिको चरम दबाबमा छ, जसले विश्वविद्यालयहरूको साख मात्रै बिगारिरहेको छैन, त्यहाँबाट उत्पादन हुने हजारौं जनशक्तिको मनोविज्ञान, समग्र कृषिलाई हेर्ने दृष्टिकोण र सिंगो राष्ट्रप्रति नै वितृष्णा पैदा गरेको छ ।

अमेरिकामा सफल भएको 'ल्यान्ड ग्रान्ट विश्वविद्यालय' जस्तै विश्वविद्यालय निर्माणको आवश्यकता पूरा गर्ने भन्दै २०६७ सालमा त्रिभुवन विश्वविद्यालयकै स्रोत र जनशक्तिलाई छुट्याएर कृषि तथा वन विज्ञान विश्व विद्यालयको स्थापना गरियो ।

तर कुनै विकासमुखी संस्थाको झैं विश्वविद्यालय ऐनको प्रस्तावनामा नै आधुनिकीकरण गरी ग्रामीणस्तर को आर्थिक र सामाजिक विकास गर्ने कुरा उल्लेख भएको विश्वविद्यालय आफैं आर्थिक विवाद र राजनैतिक झमेलामा पर्दै आइरहेको छ ।

एउटा प्राकृतिक स्रोतसँग सम्बन्धित विषय अध्यापन गराउने विश्वविद्यालयको उद्देश्य प्राज्ञिक जनशक्ति उत्पादन गरेर प्राकृतिक स्रोतको मितव्ययी ढंगबाट उपयोग गर्न प्रोत्साहन गर्ने हुनुपर्ने हो । तर, आफैं आधुनिकीकरण र आर्थिक छलाङको महत्वाकांक्षा रहनु कति सुहाउँदो विषय होला ? त्यसमाथि विश्वविद्यालयमा हुने चरम राजनीति र पदाधिकारी को केन्द्रीकृत मनोविज्ञानले यो विश्वविद्यालयलाई एक प्रयोग शाला बनाएको छ भन्नु अतिशयोक्ति नहोला ।

पछिल्लो समय घिनलाग्दो विद्यार्थी राजनैतिक चपेटामा परेर कृषि तथा वन विज्ञान विश्वविद्यालय बन्द भएको दुई महिना नाघिसकेको छ । प्राय:जसो कृषि क्याम्पस चरम राजनीतिको सिकार भएका छन् । बारम्बार हुने झगडा र बन्दको कारण विद्यार्थीले ठूलो मूल्य चुकाउनुपरेको छ ।

डोरबहादुर विष्टले आफ्नो पुस्तक 'भाग्यवाद र विकास' मा लेखेका छन्– 'किसानहरू कृषि तालिम लिन पाउँदैनन्, जसलाई माटोप्रति लगाव नै छैन, उही कृषि प्राविधिक बन्छ । कृषि शिक्षा सरकारी जागिरको लागि मात्र पढिन्छ, पढाइन्छ ।'

योसँगै करिब पाँच वर्ष अगाडि संसद्मा बोल्दै प्रदीप गिरीले अर्थमन्त्रीलाई समेत आर्थिक वृद्धिदरलाई केन्द्रमा राखेर सामाजिक न्याय नहुने बताएका थिए । तर हाम्रो कृषि अध्यापन गराउने शैक्षिक संस्था माटोप्रति लगाव नभएको व्यक्तिलाई कृषि अध्यापन गराएर र उत्पादकत्वलाई केन्द्रमा राखेर सामाजिक न्याय प्राप्त गर्ने सपना बाँडिरहेका छन् । यस्तो अभ्यास नेपाली कृषिको लागि सकारात्मक संकेत हुँदै होइन ।

### कृषि अनुसन्धान

कृषि क्षेत्रका समस्याहरूको अध्ययन-अनुसन्धान गरी समाधानका उपाय पत्ता लगाई सर्वसाधारण जनताको आर्थिक स्तर वृद्धि गर्ने उद्देश्य सहित २०४७ सालमा नेपाल कृषि अनुसन्धान परिषद्को स्थापना भएको थियो ।

दाङको घोराही उपमहा नगरपालिका-३ स्थित बन खेतका स्थानीय महिला रोपाइँ गर्न धानको बीउ उखेल्दै । तस्बिर: कुलदीप न्यौपान/ रासस

संघीयतासँगै हरेक प्रदेशमा कृषि अनुसन्धान निर्देशनालय समेत स्थापना गरेर कृषि अनुसन्धानलाई विकेन्द्रीकरण गरी क्षेत्रगत बनाउने घोषणा पनि भएको छ । तर आन्तरिक द्वन्द्व, लथालिङ्ग व्यवस्थापन र अत्यधिक राजनैतिक हस्तक्षेप को कारण कृषि अनुसन्धानको जिम्मेवारी पाएको परिषद् नै धरासायी भएको छ ।

कृषि क्षेत्रका समस्याहरूको अनुसन्धान गरी समाधानका उपाय पत्ता लगाउने प्रस्तावना सहित कृषि अनुसन्धान परिषद् ऐन, २०४८ पारित भयो । तर यही ऐनमा टेकेर निर्माण भएका संस्थाहरूमा अनुसन्धान भने केन्द्रीकृत ढंगबाट सञ्चालन हुँदै आइरहेको छ । नेपालको स्वचालित उत्पादन प्रणाली माथि न त कुनै अनुसन्धान भएको छ, न अनुसन्धान गर्ने निकायहरूले आवश्यकता नै महसुस गर्दछन् ।

नेपालको अनुसन्धान गर्ने निकायको मुख्य काम नै मुख्य बालीका जातहरू विकास गर्ने र सिफारिस गर्ने रहेको छ । तर नेपालमा भारतीय र चिनियाँ जातहरूको प्रयोग बढिरहेको छ जसले हाम्रो अनुसन्धानको औचित्य माथि नै ठूलो प्रश्न उठाएको छ ।

वर्षौंदेखि वैज्ञानिक र प्राविधिकको पदपूर्ति हुन नसक्दा धेरैजसो संस्थाहरू कर्मचारी विहीन छन् । हरेक पटक कार्यकारी निर्देशकको नियुक्तिमा अनावश्यक राजनैतिक हस्तक्षेप स्पष्ट देखिन्छ ।

बढ्दो कृषि लागत, न्यून प्रतिफल, जलवायु परिवर्तन को जोखिम, बिग्रँदो माटोको गुणस्तर, बिग्रँदो किसानको स्वास्थ्य र रसायन र विषादी सहितको उत्पादन नेपालको समकालीन कृषिका मुख्य समस्याहरू हुन् । तर परपरसम्म हाम्रा अनुसन्धान का लागि निर्माण गरिएका संरचनाले यस्ता समस्या हरूलाई प्राथमिकतामा राखेका छैनन् ।

एकातर्फ सरकारले वर्षेनि धेरै रकम अनुसन्धानका संरचनाको चालु खर्च व्यवस्थापनको लागि खन्याइ रहेको छ भने अर्कोतर्फ च्याउसरी उम्रिएका कृषि अध्यापन गराउने क्याम्पसमा स्रोतको कमि मुख्य समस्या देखाइन्छ । मनलाग्दी संरचनाको निर्माण र दीर्घकालीन योजनाको कमिले हाम्रो अनुसन्धान निकाय नहुँदा पनि नेपालको कृषिमा तात्विक फरक पर्दैन भन्ने भाष्य निर्माण हुनु नै डरलाग्दो विषय हो ।

नोबेल पुरस्कार विजेता बाट हाम्रा कृषि संस्थाले के सिक्ने ?

सरसर्ती हेर्दा नेपालमा भएका कृषिका संरचनागत विकासहरूले नेपाल सरकार को चालु खर्च मात्र वृद्धि भएको देखिन्छ। कृषि विकासको खम्बा मानिने शिक्षा, अनुसन्धान र प्रसारका तीनै वटा खम्बाले सम कालीन समस्या पहिचान र दीर्घकालीन विकासको कार्यदिशा बनाउन सकेको देखिँदैन ।

विश्वविद्यालयमा प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सह-कुलपति रहने र उपकुलपतिको राजनैतिक नियुक्ति हुने व्यवस्था नै हामीमा विद्यमान केन्द्रीयता पुष्टि गर्न पर्याप्त छन् । कृषि विकासका संरचना र अनुसन्धानका निकायमा पनि विभिन्न परिषद् र समितिमा मन्त्रीदेखि प्रधानमन्त्रीको भूमिका राखिएको छ । यसले नियुक्ति र कार्यसम्पादनमा बारबार नेतृत्वको एकाधिकार हावी भएको देख्न सकिन्छ ।

हाम्रा संस्थाहरूले लोकतन्त्र को महसुस नै गर्न सकेका छैनन् । नेतृत्व चयनमा सरकारमा भएको दलको एकाधिकार र संस्थाभित्र संस्थाको नेतृत्वको एकाधिकार प्रत्यक्ष महसुस गर्न सकिन्छ । संविधानमा कृषिका नीति निर्माण बाहेकका सबै कार्यक्रम प्रदेश र स्थानीय तहको कार्यक्षेत्रमा राखियो तर बजेट र जनशक्ति अहिलेसम्म विकेन्द्रीकरण गर्न सकिएको छैन । समग्र कृषि क्षेत्रको विकास गर्ने संस्थाहरूको अवस्था सुधार नगरी जति नै लगानी गरे पनि कृषि क्षेत्रको विकास हुने अवस्था देखिँदैन ।

नोबेल पुरस्कार विजेता हरूले कुनै पनि देशको आर्थिक उन्नति हुनको लागि त्यहाँ रहेका संस्थाहरूको पूर्ण विकास हुन आवश्यक रहेको बताएका छन् । सर्वप्रथम संस्थागत संरचनाको विकास हुनु र ती संस्थाहरूले लोकतान्त्रिक निर्णय गर्न सक्ने क्षमता र वातावरणको निर्माण हुनु नै संस्थाहरूको पूर्ण विकास हुनु हो भन्ने उनीहरूको तर्क छ ।

नेपालमा पनि कृषि विकासको लागि संरचना र कर्मचारी निर्माण नभएको हैन तर त्यो लोकतान्त्रिक संस्था बन्न सकेको छैन । यदि हामी हाम्रा संरचनालाई संस्थाको रूपमा पूर्ण विकास नगर्ने हो भने जति नै लगानी या प्राथमिकतामा कृषिलाई राखे पनि कृषि क्षेत्र स्वचालित तथा आकर्षणको क्षेत्र नबन्ने निश्चितप्राय: छ ।

अनलाईन खबरवाट


## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर


## जुवातास खेल्ने १५ जना बराहक्षेत्रबाट पक्राउ

सुनसरी । जिल्ला प्रहरी कार्यालय सुनसरीले जुवा तास खेल्ने १५ जनाको समुहलाई पक्राउ गरेको छ । कात्तिक १८ गते आईतवार बिहान सुनसरी बराहक्षेत्र नगरपालिका-३ नडाहा स्थित जिवन कार्कीको घरमा जुवा तास खेलीरहेको अवस्थामा उनीहरुलाई पक्राउ गरिएको थियो ।

पक्राउ पर्नेमा ललितपुर सातदोबाटो का -४४ बर्षीय नवराज राई, सुनसरी इटहरी उप-महानगरपालिका-१ का ५१ बर्षीय प्रदिप तामाङ, बराहक्षेत्र-५ का २७ बर्षीय नारायण कार्की, ४१ बर्षीय उत्तम मगर, बराहक्षेत्र-३ का ३२ बर्षीय बिदुर कार्की, ४४ बर्षीय दिनराज राई,२४ बर्षीय मान बहादुर कार्की, बराहक्षेत्र-८ का ४९ बर्षीय खड्ग बहादुर विष्ट, रामधुनि नगरपालिका-५ का ४६ बर्षीय गौरी शङकर लुइटेल, बराहक्षेत्र-३ का ४५ बर्षीय रेवत थापा, ३४ बर्षीय खगेन्द्र कार्की, ३० बर्षीय दिपेन्द्र कार्की, भोजपुर अरुण गाउँपालिका-३ का ४५ बर्षीय जीवन कार्की, हतुवागडी-७ का ३५ बर्षीय ज्ञान बहादुर राई, भोजपुर आमचोकका ४१ बर्षीय दुर्गाराज राई रहेका छन् ।

प्रहरीले जुवाको खालबाट नगद ९ लाख ६८ हजार ९ सय ९५ रुपैयाँ र २२ बुङ तास समेत बरामद गरेको छ । पक्राउ परेका उनिहरुको आवश्यक कानुनी कारवाही भईरहेको छ ।

## एक भारतीय नागरिकको विराटनगरमा रहस्यमै मृत्यु

विराटनगर । विराटनगर महानगरपालिका-५, सम्झना चोकस्थित एक घरमा बिहीबार बिहान एक भारतीय नागरिक मृत अवस्थामा फेला परेका छन् ।

भारतको सिलिगुडी निवासी ५० वर्षीय सपन दास गणेश शर्माको घरमा डेरा गरी बस्दै आएका थिए । दास सुतेकै ठाउँमा मृत अवस्थामा भेटिएका थिए ।

अघिल्लो साँझ खाना खाएर सुतेका दास बिहान ७ बजेसम्म नउठेपछि साथी गणेश राजवंशीले बोलाउने प्रयास गरेका थिए । दासले कुनै प्रतिक्रिया नदिएपछि राजवंशीले प्रहरीलाई खबर गरेका थिए ।

घटनास्थलमा वडा प्रहरी कार्यालय विराटनगरबाट इन्स्पेक्टर राजेश दत्त नेतृत्वको प्रहरी टोली पुगेको थियो। प्रारम्भिक कानुनी प्रक्रिया पूरा गरी शवलाई पोस्टमार्टमका लागि कोशी अस्पताल पठाइएको थियो ।

मोरङ प्रहरीले घटनालाई शंकास्पद नरहेको बताएको छ तर मृत्युको वास्तविक कारण भने हालसम्म खुल्न सकेको छैन । यस विषयमा थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।


खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी

अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु

- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिसौं ।



नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर